# अध्याय ४

# प्रशिक्षार्थी

मिडियाका तालिममा मुख्य रूपमा दुई प्रकारका प्रशिक्षार्थी सहभागी भएको पाइन्छ। पहिलो थरीमा भरखरै पत्रकारिता सिक्न खोज्ने जिज्ञासु र नवप्रवेशी पत्रकारहरू पर्छन्। तिनले लिने तालिममा आधारभूत सीप तथा ज्ञान सिकाइन्छ र यस्तो तालिमलाई आधारभूत तालिम भन्ने गरिन्छ। अर्को थरीमा पत्रकारिता गरेर यसबारे सामान्य सीप हासिल गरिसकेपछि थप दक्ष बन्न एड्भान्स्ड तालिम लिनेहरू पर्छन्। यस अध्यायमा यी दुई खालका प्रशिक्षार्थीको संख्या, छनोट प्रक्रिया, जातीय र लैङ्गिक सहभागिता आदिबारे चर्चा गरिएको छ।

## आधारभूत तालिमका सहभागी

पत्रकारितामा चासो राख्ने जो कोहीले पनि प्रारम्भिक सीप हासिल गर्नका लागि आधारभूत तालिम लिन पाउँछन्। केही संस्थाले भने निश्चित छनोट प्रक्रियामार्फत सहभागी छान्छन्। आधारभूत तालिम दिने संस्थामा इच्छुक सहभागीको चापमा पहिलेभन्दा केही कमी आएको छ। एनपीआई केन्द्र वा यसका सबै क्षेत्रीय सञ्चार स्रोत केन्द्रहरूले दिने आधारभूत तालिममा आवेदन दिनेको संख्या पहिलेभन्दा आधाले



तस्बिर ४.१ : एनपीआईको दस महिने पत्रकारिता तालिमका सहभागीहरू (सौजन्य : सोमनाथ लामिछाने) ।

घटेको छ ।[१] काठमाडौंमा नियमित तालिम दिने संस्था मिडिया प्वाइन्टको अनुभव पनि यस्तै छ । यहाँ अचेल ३० जना जतिको आवेदन आउँछ । पहिले पहिले यो संख्या ६० को हाराहारीमा हुन्थ्यो ।[२] तालिम दिने संस्था बढेकाले प्रशिक्षार्थीहरूको संख्यामा यस्तो कमी आएको हो । अनि पत्रकारिताको औपचारिक पढाइका अवसर यत्रतत्र उपलब्ध हुन थालेकाले पनि तालिमतिरको आकर्षण केही घटेको छ ।

एफएम स्टेसनहरूको आगमनले मिडिया तालिममा नयाँ आयाम थपेको छ । नयाँनयाँ एफएम रेडियो थपिने क्रम जारी छ । प्रायः एफएम रेडियोले आफ्नो स्थापनाकालमा रेडियोको आधारभूत तालिम सञ्चालन गर्छन् । केहीले त्यसपछि पनि यस्ता तालिमको आयोजना गर्छन् । रेडियोप्रति किशोर र युवाको बढ्दो आकर्षणले गर्दा यस्ता तालिमका गतिविधि पनि निकै बढेका छन् । एफएम रेडियोले दिने तालिममा उत्कृष्टलाई जागिर पनि दिने भनेर लोभ्याउने गरिन्छ । रेडियोमा बोल्ने उत्कट चाहनाले गर्दा धेरैजसो ठगिन्छन् । रेडियोमा बोल्न उत्सुक तिनै किशोर र युवाको रुचि, केही रेडियो स्टेसन र व्यापारिक उद्देश्यले

---

१ उक्त स्रोत केन्द्रका कार्यक्रम संयोजक पीताम्बर कट्टेलसँग २०६६ भदौ २६ मा गरिएको कुराकानी ।

२ मिडिया प्वाइन्टका कार्यकारी निर्देशक श्रीरामसिंह बस्नेतसँग २०६६ असोज २६ मा गरिएको कुराकानी ।

सञ्चालित प्रशिक्षण इन्स्टिच्युटको कमाउने मेलो बनेको छ । एफएम स्टेसनले प्रसारणको थालनीमा भिड जम्मा पारी सशुल्क तालिम दिने र तिनैमध्ये उत्कृष्टलाई लिने गरेको देशभरि नै पाइयो । यस्ता तालिममा भने सहभागीको चाप पनि अत्यधिक छ । कुनैकुनै तालिममा त सहभागी संख्या १०० भन्दा बढी भई दुई या तीन समूहमा तालिम दिनुपरेको थियो । यस प्रकारका तालिम गर्दा खर्च कटाएर पनि केही महिना रेडियो सञ्चालन गर्नलाई पुग्ने रकमको जोहो हुन्छ । पैसा पनि आउने, धेरै मान्छेबाट उत्कृष्ट व्यक्ति छान्न पनि पाइने, नयाँ हुनाले धेरै तलब पनि दिन नपर्ने भएकाले एफएम रेडियोहरूले यो नीति लिएका हुन् ।[३]

खुला सूचना लिकालेर तालिम दिने चलन नयाँ रेडियो खुलेका सबैजसो ठाउँमा पाइन्छ ।[४] यसमा पनि दुई थरी अभ्यास भइरहेको छ । पहिलो, रेडियोका विभिन्न क्षेत्रमा काम गर्ने जनशक्ति छनोट गर्ने र छनोट भएकालाई मात्र उनीहरूले काम गर्ने क्षेत्रअनुसार समाचार र कार्यक्रम उत्पादन, उद्घोषण तथा प्रविधिसम्बन्धी तालिम दिने । उदाहरणका रूपमा धनगढीको दिनेश एफएम र रेडियो जनआवाजलाई लिन सकिन्छ । यी दुवै एफएमले आफ्नो स्थापना कालमा जनशक्ति आवश्यकताको सूचना निकालेर छनोट भएकालाई मात्र तालिम दिए । सहभागीहरूलाई समाचार र रेडियो कार्यक्रम उत्पादन तथा उद्घोषणसम्बन्धी छुट्टाछुट्टै दुई समूहमा राखियो । दिनेश एफएमले २०६४ असारमा समाचारतर्फका २० जना तथा कार्यक्रम उत्पादन र उद्घोषणतर्फका १५ जनालाई १५/१५ दिनको तालिम दिएको थियो ।[५] यस्तै, २०६६ भदौ २२ देखि परीक्षण प्रसारण थालेको रेडियो जनआवाजले छानिएका १८ जना पत्रकार तथा कार्यक्रम सञ्चालकलाई सोही दिनदेखि तालिम दियो । यसले पनि पत्रकार तथा कार्यक्रम सञ्चालक र उद्घोषकलाई छुट्टाछुट्टै राखेर १५ दिने तालिम दिएको थियो ।[६] यस्तो अभ्यासअन्तर्गत सहभागीसँग शुल्क उठाए पनि

---

३ इटहरीस्थित तालिम दिने संस्था नयाँ संसारका अध्यक्ष अर्जुन उप्रेतीसँग १४ अक्टोबर २००९ मा गरिएको कुराकानी ।

४ आफ्नो एफएम रेडियोले उत्कृष्टलाई जागिर दिने भन्दै सहभागीबाट पैसा उठाएर तालिम दिएको तथ्य राजेन्द्र किराती (स्टेसन म्यानेजर, गणतन्त्र एफएम, धरान), दोर्पध्वज राई (व्यवस्थापकीय निर्देशक, विजयपुर एफएम, धरान), सन्देशदास श्रेष्ठ (निर्देशक, बि एफएम, विराटनगर), राजेन्द्र शर्मा (स्टार एफएम, धरान), तुला अधिकारी (स्टेसन म्यानेजर, कृष्णसार एफएम, नेपालगञ्ज), कुलमणि ज्ञवाली (स्टेसन म्यानेजर, रेडियो लुम्बिनी, बुटवल) ले बताए । अपवादस्वरूप, पोखराको बिग एफएमले भने यसरी गरेको तालिममा पैसा उठाएको थिएन । बरु तालिमका सहभागीलाई आतेजाते भाडासमेत दिएको थियो ।

५ दिनेश एफएमका समाचार प्रमुख टेकराज जोशी र कार्यक्रम सञ्चालक तथा समाचारवाचक मनिला चौधरीसँग २०६६ असोज २ गते गरिएको छुट्टाछुट्टै कुराकानी ।

६ रेडियो जनआवाजका समाचार संयोजक लोकेन्द्र विष्टसँग २०६६ असोज २ मा गरिएको कुराकानी ।

उनीहरू एफएम रेडियोको जनशक्तिका रूपमा पहिल्यै छनोट भइसकेका हुन्छन्, जसबाट सहभागीहरू निराश हुनुपर्ने स्थिति बन्दैन ।

एफएम रेडियोमै भइरहेको दोस्रो खालको अभ्यास चाहिं तालिममा उत्कृष्ट हुनेलाई रोजगारी दिने भन्दै सूचना निकालेर तालिम सञ्चालन गर्ने हो । नेपालगञ्जस्थित रेडियो बागेश्वरी एफएमले स्थापना हुने बेलामा (२०६१ साउनतिर) र २०६५ असार गरी दुईपटक यस्तो तालिम दिइसकेको छ । स्थापनाको समयमा ६० जनालाई एकै ठाउँमा राखेर १० दिने आधारभूत रेडियो उद्घोषण तालिम दिइएको थियो । २०६५ असारमा भएको तालिम एक महिने थियो । रेडियो पत्रकारिता र कार्यक्रम उत्पादन नाम दिइएको एक महिनाको सो तालिममा ५४ जना सहभागी थिए, जसमा २७/२७ जनाको दुई समूह बनाएर सबैलाई एउटै पाठचक्रम पढाइएको थियो । तालिममा रेडियो पत्रकारिता र कार्यक्रम उत्पादनको ज्ञान बढी थियो भने उद्घोषण कला तथा प्रविधिसम्बन्धी ज्ञान थोरै मात्र दिइएको थियो । स्थापना कालमा सोही तालिमका सहभागीमध्येबाट जनशक्ति भर्ना गरिएको भए पनि पछिका तालिम लिनेमध्ये निकै थोरैले मात्र जागिर पाए ।[७] बागेश्वरी एफएमकै सिको गर्दै नेपालगञ्जकै अर्को रेडियो कृष्णसार एफएमले पनि रेडियो खुल्ने क्रममा २०६५ सालको अन्त्यतिर ४९ जनालाई तालिम दियो । त्यसमध्ये १० जनाले मात्र सोही रेडियोको विभिन्न क्षेत्रमा काम गर्ने अवसर पाए ।[८]

उता पूर्वी नेपालको धरानमा खुलेको विजयपुर एफएमले पनि रेडियो सुरु गर्दा २०६४ माघमा ९५ जनालाई तीन समूहमा बाँडेर सबैलाई एकै किसिमको १५ दिने आधारभूत तालिम दियो । सहभागीमध्ये २० जनालाई एफएमले छानेर रोजगारी दिएको थियो ।[९] धरानकै गणतन्त्र एफएमले पनि १०० जना सहभागीलाई दुई समूहमा बाँडेर सबैलाई रेडियोसम्बन्धी एकै किसिमको आधारभूत तालिम दिएको थियो । उक्त तालिमका सहभागीमध्ये १२ जनाले मात्र काम पाए ।[१०] यी

---

७ बागेश्वरी एफएमका सहायक स्टेसन म्यानेजर समीर श्रेष्ठसँग २०६६ भदौ २३ मा गरिएको कुराकानी ।

८ कृष्णसार एफएमका स्टेसन म्यानेजर तुला अधिकारी तथा समाचार संयोजक राकेश मिश्रसँग २०६६ भदौ २२ मा गरिएको कुराकानी ।

९ विजयपुर एफएमका प्रबन्ध निर्देशक दोर्पध्वज राईसँग २०६६ असोज २५ मा गरिएको कुराकानी ।

१० यो एफएम रेडियोको आधार माओवादीले जनयुद्ध कालमा सञ्चालन गरेको भूमिगत रेडियो हो । उक्त पार्टी शान्ति प्रक्रियामा आएपछि २०६४ माघदेखि यो रेडियो सरकारी इजाजत प्राप्त गरी सामुदायिक रेडियोका रूपमा सञ्चालित छ । गणतन्त्र एफएमका स्टेसन म्यानेजर राजेन्द्र किरातीसँग २०६६ असोज २५ मा गरिएको कुराकानी ।


त भए केही उदाहरण मात्र । यसरी जागिर दिने नाउँमा तालिममा सहभागीको भिड थुपार्दै टन्न रकम असुल्ने काममा नेपालका धेरै एफएम रेडियोहरू लागेको पाइन्छ । सुरु सुरुमा यसरी तालिम चलाउने रेडियोहरूले प्रत्येक सहभागीसँग एक महिनामा दस हजार रुपियाँसम्म पनि असुलेका छन् । समय क्रमसँगै यो दर दुई-तीन हजार रुपियाँमा पनि झरेको छ । यस हिसाबले पनि एउटै तालिमबाट रेडियोहरूले लाखौं रुपियाँ आम्दानी गरेका छन् । उनीहरूको खर्च भनेको प्रशिक्षकलाई दिने केही हजार रुपियाँ पारिश्रमिक नै हो । यही कारणले एफएम रेडियोले खुला तालिम सञ्चालन गर्ने देशव्यापी लहर देखापरेको छ । धनगढीका शिवराज योगी तालिमपछि सहभागीहरूलाई रेडियोमा जागिर दिए पनि पारिश्रमिक दिन कन्जुस्याइँ गर्ने गरेको बताउँछन् । योगी एउटा प्रसङ्ग यसरी सम्झन्छन् :

> म धनगढीस्थित खप्तड एफएममा समाचार प्रमुख भएर काम गर्दा २०६४ साउनमा एफएमले डेढ महिनाको पत्रकारिता र उद्घोषण तालिम आयोजना गरेको थियो । उक्त तालिममा काठमाडौंबाट नारायण श्रेष्ठ, दीपकराज पाण्डे र श्रीराम पौडेललाई प्रशिक्षकका रूपमा बोलाइएको थियो । उनीहरूलाई आ-आफ्नो प्याकेज छुट्ट्याइएको थियो र त्यसैअनुसार तालिम दिन्थे । प्रति व्यक्ति ६ हजार रुपियाँ उठाइयो । ४२ जना सहभागी थिए । बीचमा छोड्नेबाहेक ३८ जनालाई एफएममै काम दिएर राखिएको थियो । स्वयंसेवी रूपमा काम गरुञ्जेल गरे । जब तलब दिनुपर्ने बेला आयो अनि ४ हजार रुपियाँ तलब लिने हो भने एफएमका लागि ८ हजार रुपियाँ कमाइदिनुपर्ने भन्ने हिसाबले करार गरियो । अर्थात् उसले खोजेको विज्ञापनको ५० प्रतिशत उसलाई दिने, विज्ञापन खोज्न नसक्नेले तलब नपाउने । अति आवश्यक पर्ने ५-७ जनाबाहेक अरूले तलब पाएका हुँदैनन् एफएममा, आफैंले विज्ञापन खोजेका भरमा बाँच्नु पर्दछ । अहिले तालिम लिएका व्यक्तिले छोड्दै गएपछि खप्तड एफएममा सातजना जति पुराना कर्मचारी बाँकी छन् ।[११]

महिलाहरूद्वारा सञ्चालित भनेर नाम कमाएको रेडियो पूर्वाञ्चलमा पनि तालिमबारे विवाद सिर्जना भएको थियो र पत्रकार महासङ्घले प्रेस विज्ञप्तिसमेत निकालेर विरोध गर्नु परेको थियो । उक्त विज्ञप्तिमा रेडियो पूर्वाञ्चलले रोजगारी दिने भन्दै तालिम दिने तर रोजगारी नदिने र रोजगारी दिए पनि नियुक्तिपत्र र पारिश्रमिक नदिने समस्या दोहोरिएको र पुनः यस्तो तालिमको सूचना निकालेकोमा महासङ्घको ध्यानाकर्षण भएको व्यहोरा छ (हेर्नुहोस् तस्बिर ४.२) ।

---

[११] योगीसँग २०६६ भदौ ३१ मा गरिएको कुराकानी ।



नेपाल पत्रकार महासंघ

Federation of Nepalese Journalist Morang

मोरङ्ग, विराटनगर

**अध्यक्ष**
शम्भु भण्डारी
९८४२०२३४८३

**उपाध्यक्ष**
त्रिक्रम निरौला
९८४२०२३३२४

**सचिव**
विक्रम लुईटेल
९८५२०२१९२४

**सह-सचिव**
माधव अधिकारी
९८४२०३१५१५

**कोषाध्यक्ष**
गोकुल पराजुली
९८४२०२७४२०

**महिला सदस्य**
तिलकुमारी शर्मा
९८४२०५१४०६

**सदस्यहरू**
सञ्जीव खनाल
९८५२०२११७०
विनोद घिमिरे
९८४२०३१३२६
सूर्यनारायण यादव
०२१-५२८८३२
मिलन के राउत
०२१-६९५५५९
ध्रुव रिजाल
९८४२०३२१५५

च.नं. :
प.सं. :

मिति : २०६४-१०-२१


प्रेस बिज्ञप्ति

नेपाल पत्रकार महासंघले रेडियो पूर्वाञ्चलबाट ~~निकाल~~-
निस्कासित सञ्चारकर्मीको बिषयमा पटक-पटक
वार्ता गरी सहमती समेत भएको थियो। सो सहमती
कार्यान्वयन नगरी रेडियो पूर्वाञ्चलले नेपाल पत्रकार
महासंघको साख गिराउने काम गरेको हाम्रो ठहर
छ। नेपाल पत्रकार महासंघ सदैव सञ्चारकर्मीको पेशा-
गत सुरक्षाको पक्षमा क्रियासील रहेको अवगत नै
छ। बिगतमा रेडियो पूर्वाञ्चलले रोजगारी दिने
भन्दै संचालन गरेको तालिमका बिषयमा असहमति
जनाउँदै आएका थियौं। रोजगारी दिने भन्दै तालिम
दिने अनि रोजगारी नदिने र रोजगारी दिए
नियुक्ति पत्र र पारिश्रमिक नदिने समस्या रेडियो
पूर्वाञ्चलमा दोहोरिएको बेला पुनः त्यस्तै प्रकारको
तालिम संचालन गर्ने लागेकोमा हाम्रो ध्यानाकर्षण
भएको छ। अब यस प्रकारको तालिम संचालन गरी
पत्रकारिता क्षेत्रको बदनाम नगर्न र सहभागीहरूलाई
समेत सचेत रहन आग्रह गर्दछौं। साथै पत्रकार महासंघ
सँग भएको [illegible] २० गतेको सम्झौता कार्यान्वयन
गर्न जोडदार माग गर्दछौं।

शम्भु भण्डारी
अध्यक्ष

तस्बिर ४.२ : रेडियो पूर्वाञ्चलको तालिमको सूचनाप्रति ध्यानाकर्षण भएको जनाउँदै नेपाल पत्रकार महासङ्घ, मोरङद्वारा जारी विज्ञप्ति ।

एफएम रेडियोले गर्ने यो अभ्यासलाई छापामाध्यमले पनि सिको गरेका छन् । तिनले पनि सार्वजनिक सूचना आह्वान गरेर आधारभूत पत्रकारिताको तालिम दिन थालेका छन् । यद्यपि रेडियो जति आकर्षण छापामा नहुँदा यसले त्यति व्यापकता पाएको भने देखिंदैन । वर्तमान समयमा अन्यत्र यस्तो अभ्यास त्यति नदेखिए पनि पूर्वाञ्चलमा भने देखिएको छ । धरानबाट प्रकाशन हुने *मर्निङ टाइम्स* दैनिकले २०६५ माघमा उत्कृष्ट हुने प्रशिक्षार्थीलाई पत्रिकामा काम दिने र काम गरिरहेका आफ्ना जनशक्तिलाई पनि थप दक्ष बनाउने भन्दै आधारभूत पत्रकारिता तालिम सञ्चालन गऱ्यो । सो तालिममा जम्मा ३५ जना सहभागी थिए ।




तस्बिर ४.३ : उत्कृष्टलाई रोजगारी सुनिश्चित भन्दै नेपालगञ्जमा उद्घोषण तालिममा सहभागी हुन आह्वान गरिएको सूचना ।

तालिम लिएकालाई रोजगारी दिने भनिए पनि रिपोर्टिङका अतिरिक्त मार्केटिङ पनि गर्नुपर्ने सर्त पत्रिकाले बताएपछि तालिम लिएका एकजनाले पनि काम गरेनन् ।[१२] यस्तै, *ब्लास्ट टाइम्स* दैनिकले पनि आफ्ना जनशक्ति तथा बाहिरका व्यक्तिलाई समेत समेटेर बेलाबेलामा २५-३० जनाको समूहमा आधारभूत पत्रकारिता तालिम दिने गरेको छ ।[१३] यी पत्रिकाले भने प्रति सहभागी पाँच सयदेखि एक हजारसम्म शुल्क लिएका थिए ।

एफएम स्टेसनको आगमनसँगै निजी स्तरमा पनि तालिम दिने संस्था मुख्य सहरमा खुले । तिनले उद्घोषण तथा रेडियो पत्रकारिता तालिम दिन्छन् । उत्कृष्टलाई रोजगारीको सुनिश्चित गरिएको भन्न पनि छुटाउँदैनन् (हेर्नुहोस् तस्बिर ४.३) ।

---

[१२] *मर्निङ टाइम्स* दैनिकका सम्पादक तथा प्रकाशक वासुदेव बरालसँग २०६६ असोज २५ मा गरिएको कुराकानी ।

[१३] *ब्लाष्ट टाइम्सका* सम्पादक किशोर कार्कीसँग २०६६ असोज २४ मा गरिएको कुराकानी ।

तालिम दिन फलाना फलाना आउँछन् भनी नाम चलेका व्यक्तिको प्रचार गरिन्छ । तर, तीमध्ये कतिपय आउँदै आउँदैनन् । तालिममा स्रोतव्यक्तिको एकोहोरो भाषण हुन्छ । यस्ता तालिममा एसएलसी वा प्लस टुको परीक्षा दिएका किशोरको झुकाव अत्यधिक हुन्छ र त्यही सिजनमा यस्ता संस्थाहरूको तालिम धेरै चल्छ । यति बेलाकै कमाइले वर्षभर धान्नुपर्ने बाध्यता यस्ता इन्स्टिच्युटलाई छ किनभने अन्य बेलामा तालिमका लागि एकदमै थोरै प्रशिक्षार्थी आउँछन् ।[१४] तर, यी तालिमबाट पत्रकारितामा प्रवेश गर्नेहरू भने निकै कम हुन्छन् । यी तालिम विश्वसनीय नभएकैले रेडियो अन्नपूर्णले 'तालिम नलिएकालाई ग्राह्यता' भन्ने प्रावधान नयाँ मानिस लिंदा गरिएको विज्ञापनमा जोडेको थियो ।[१५]

व्यापारिक प्रयोजनले खोलिएका संस्थाले गरेको तालिममा सकेसम्म धेरैलाई सहभागी बनाउन खोजिन्छ । गैरसरकारी संस्थाले पनि दाताको सहयोगविना तालिम गरेको खण्डमा सहभागीको भिड जम्मा पार्छन् । त्यसपछि प्रवचन शैलीमा तालिम सुरु हुन्छ । बढीभन्दा बढी अन्तर्क्रिया र व्यावहारिक अभ्यास गर्न सकेमा तालिम प्रभावकारी हुने हो । प्रशिक्षकले पनि हरेकलाई ध्यान दिन सक्छन्, गृहकार्यमा मसिनो गरी टिप्पणी गर्न र सुझाव दिन सक्छन् । संख्या बढी हुनेबित्तिकै यी सबै गर्न सम्भव हुँदैन, उपदेशात्मक शैलीमा तालिम सम्पन्न हुन्छ । तालिममा सहभागी संख्याबारे विराटनगरका प्रशिक्षक विजय मिश्र र यज्ञ शर्मा दुवैको उस्तै धारणा छ– प्रशिक्षार्थी १६ देखि २० ठीक्क हो ।[१६] एनपीआईले पनि यो भन्दा धेरै सहभागी राख्ने गरेको छ । धेरै सहभागी हुँदा कक्षामा अन्तर्क्रिया कम हुन्छ, एसाइनमेन्ट जाँच्न भ्याइँदैन भन्ने तर्क शर्मा र मिश्रको छ ।

## एड्भान्स्ड/विषयगत तालिमका सहभागी

एड्भान्स्ड तालिम क्रियाशील पत्रकारलाई नै दिने गरिन्छ । यसप्रकारका तालिमबाट धेरै नै उपलब्धि भएको सहभागीसँगको अन्तर्क्रियापछि थाहा भयो । यद्यपि केही तालिम अपेक्षा गरेअनुरूप हुन नसकेको उनीहरूको गुनासो पनि छ । खास गरी विभिन्न गैरसरकारी संस्थाले गर्ने २-३ दिनका छोटा तालिमप्रति धेरैको असन्तुष्टि पाइयो । यस्ता तालिम प्रशिक्षार्थीको इच्छामा भन्दा पनि तालिम दिने संस्थाको

---

[१४] क्रियटिभ ब्रोडकास्टिङ मिडिया प्लस, पोखराका सञ्चालक मिलन प्रतीकसँग २०६६ कात्तिक ८ मा गरिएको कुराकानी ।

[१५] रेडियो अन्नपूर्णका स्टेसन म्यानेजर दीपेन्द्र श्रेष्ठसँग २०६६ कात्तिक ५ मा गरिएको कुराकानी ।

[१६] मिश्र र शर्मासँग क्रमशः २०६६ असोज ३० र २६ मा गरिएको कुराकानी ।

रुचिमा आयोजना गरिन्छ। तालिमको आवश्यकता लिनेलाई भन्दा दिनेलाई भएको छनक यस्ता तालिममा पाउन सकिन्छ।[१७] उनीहरूले आफूले पैरवी गरिरहेको विषयमा पत्रकारलाई पनि संवेदनशील बनाउने हेतुले यस्ता तालिम आयोजना गर्छन्। प्रो पब्लिक, इह्विकन, ओरेक, ट्रान्सपरेन्सी इन्टरनेसनल, नेपाल रेडक्रस सोसाइटी आदिले यस्ता तालिमको आयोजना गरेको पाइन्छ। पत्रकारलाई विभिन्न विषयमा जानकार बनाउने उद्देश्यले गरिने यस्ता तालिमको महत्त्व पनि आफ्नो ठाउँमा छँदै छ।

काठमाडौंका केही ठूला सञ्चार गृहमा बिट प्रणाली छ र पत्रकारले आफ्नो बिटबारे मात्र जानकार भए पुग्छ। तर, साना सञ्चार गृहमा एकै जनाले सबै बिट भ्याउनुपर्ने अवस्था छ। यस्तो अवस्थामा यी विभिन्न संस्थाले गर्ने छोटा फुटकर तालिम सहयोगी बनेका छन्। तर, यस्ता धेरै संस्थाहरूको तालिममा सम्बन्धित संस्थाले तयारी कम गरेको भन्ने गुनासो अध्ययनका क्रममा सुन्न पाइयो। तालिम दिनु मुख्य काम नभएकाले तिनको प्राथमिकतामा यो पर्दैन। कसका लागि तालिम गरेको भन्ने नै स्पष्ट नभएकाले सहभागी पनि एकै तहका हुँदैनन्। कुनै पुराना पत्रकार र कुनै नयाँ पत्रकारको छ्यासमिस उपस्थिति हुन्छ। कोही एकदम जानिसकेका, कोही केही नजान्ने। कोही एकदम पुराना, कोही भरखरै सिक्दै गरेका। नजान्नेलाई ध्यान दिएर पढाउँदा जान्नेलाई झिँजो लाग्ने, जान्नेलाई ध्यान दिई पढाउँदा नजान्नेले टिप्नै नसक्ने, प्रशिक्षकलाई पनि सास्ती![१८]

यस्ता तालिम परियोजनामा आधारित हुने भएकाले परियोजना सकिएपछि फलोअप गरिँदैन। सम्बन्धित संस्थाका व्यक्ति नै प्रशिक्षकका रूपमा देखापर्ने र अन्तर्क्रिया एवं अभ्यास नगराई प्रवचन शैलीमा तालिम चलाउने गरिएको छ।[१९] छोटा फुटकर तालिमका गुणदोष केलाउँदै रेडियो अन्नपूर्ण पोखराका दीपेन्द्र श्रेष्ठ भन्छन् :

> अलि लामो तालिममा त केही सिकिन्छ पनि। तर एक दुई दिनको तालिममा उही कुरा दोहोरिएको पाउँछु म। स्रोतव्यक्तिले खासै तयारी नगरेको अनुभूति हुन्छ कतिपय तालिममा। ह्याण्ड्स्आउट पनि दिइँदैन। विषयवस्तु सँगसँगै प्रस्तुति पनि आकर्षक हुनुपर्छ जुन पाउँदिनँ म, धेरैजसो कार्यक्रममा। यस्ता छोटा तालिम भेटघाट र गफगाफका साथै सम्बन्ध

---

[१७] रविन्द्र बास्तोलासँग २०६६ कात्तिक ८ मा गरिएको कुराकानी।

[१८] बि एफएम विराटनगरकी कार्यक्रम संयोजक निशा दाहालसँग २०६६ असोज २७ मा गरिएको कुराकानी।

[१९] धर्मेन्द्र झासँग २०६६ असोज २८ मा र डिआर घिमिरेसँग २०६६ असोज २१ मा गरिएको कुराकानी।

> नवीकरण गर्ने अवसर मात्रै हुन् मेरा लागि । पोखराबाहिर, जस्तै काठमाडौंमा तालिम हुँदै छ, आतेजातेको बन्दोबस्त पनि छ र आफ्नो पनि त्यहाँ काम छ भने टाढा पनि गइन्छ । छोटो तालिममा नीतिगत कुरा गर्ने भनेर बोलाइन्छ, तर त्यस्तो छलफल नै हुँदैन । समाचार सन्तुलित हुनुपर्छ, लिड छोटो हुनुपर्छ भन्नेबारेकै तालिम त कति लिनु ? यो त थाहा भैसक्यो नि । तसर्थ त्यति उपलब्धिमूलक हुन सकेको छैन तालिम ।[२०]

नेपाल पत्रकार महासङ्घ कास्कीका सचिवसमेत रहेका श्रेष्ठ थप्छन्, "महासङ्घलाई तालिमका लागि मान्छे जम्मा पारिदिनु भनिन्छ । दलित, जनजाति, महिला खोजिन्छ । दलित पत्रकार नै छैनन् भने के गर्ने ? तालिमका लागि तालिम गर्ने चलन पो हुर्कंदो छ त" यस्ता संस्थाले पत्रकारलाई सो विषयबारे निष्पक्ष विश्लेषण गरून् भन्ने अभिप्रायले तालिम चलाए दुवै पक्षलाई लाभदायक हुने थियो । तर, यसो नगरी आफ्नो एजेण्डा थोपर्न खोजिन्छ ।[२१] त्यसकारण सहभागीलाई तालिमको विषयवस्तुले आकर्षण गर्दैन ।

श्रेष्ठको जस्तै धारणा राख्ने नेपालगञ्जका पत्रकार कृष्ण अधिकारी भन्छन्, "त्यस्ता तालिममा आएर विज्ञले भाषण गर्छन् । त्यसबाट सिक्ने र त्यो तालिमको उपयोगिता बढ्ने त यस्तै हो, भेटघाट, चिनापरिचय र हाहाहोहोमा कार्यक्रम सकिन्छ ।"[२२] हुन पनि यस्ता संस्थाहरूले दिने धेरैजसो तालिम प्रचारमुखी हुने भएकाले सुविधासम्पन्न होटलमा धेरै सहभागी जुटाएर तामझाम देखाउनेतर्फ बढी ध्यान दिइन्छ । यस्ता तालिममा सहभागी भएका धेरै पत्रकारहरूको भनाइमा उद्घाटन र समापन सत्रमा हुने तामझामले खास तालिमका लागि समय पर्याप्त हुँदैन । सम्बन्धित गैरसरकारी संस्थाहरूको उद्देश्य, निश्चित विषयमा पत्रकारहरूले गहन ज्ञान हासिल गरून् भन्ने भन्दा पनि आ-आफ्नो रुचि र स्वार्थअनुसार नै पत्रकारले लेखिदेऊन् भन्ने हुन्छ । शरच्चन्द्र वस्ती भन्छन् :

> पत्रकारले यसै गर्नुपर्छ भनेर तालिम दिनेले आफ्नो विचार लाद्ने होइन । त्यसै आधारमा पत्रकारले लेख्यो भने पत्रकारिताको नैतिकता नै कहाँ बाँकी रह्यो र ? तालिम लिएपछि यसै गरी लेख भनेर एनजीओहरूले आ-आफ्नो स्वार्थ लाद्न खोजे पनि

---

[२०] दीपेन्द्र श्रेष्ठसँग २०६६ कात्तिक २५ मा गरिएको कुराकानी ।

[२१] पत्रकारिता प्रशिक्षणमा लामो समयदेखि सक्रिय शरच्चन्द्र वस्तीसँग २०६६ असोज २३ मा गरिएको कुराकानी ।

[२२] सगरमाथा टेलिभिजन तथा नेपाल एफएम नेटवर्कका नेपालगञ्जस्थित संवाददाता अधिकारीसँग २०६६ भदौ २४ मा गरिएको कुराकानी ।

> पत्रकारले सम्बन्धित विषयबारे पर्याप्त ज्ञान लिएर पत्रकारिताको सीप प्रयोग गर्दै आफ्नो विवेकले स्वतन्त्र भएर लेख्नुपर्छ ।[२३]

राष्ट्रिय र अन्तर्राष्ट्रिय चासोका कतिपय विषयलाई पत्रकारितामार्फत बाहिर ल्याउन र ती विषयप्रति पत्रकारलाई केही हदसम्म संवेदनशील बनाउन सम्बन्धित गैरसरकारी संस्थाहरूको भूमिका रहने गरेको छ । संवेदनशीलता जगाइदिएपछि त्यसबारे गहन रूपले अध्ययन गर्ने र खोज्ने काम त पत्रकारहरूको पनि हुँदै हो ।

## छनोट प्रक्रिया

तालिमका लागि सहभागी जुटाउने काम तीन किसिमले भइरहेको छ । पहिलो, तालिम प्रदायक संस्था आफैंले व्यक्ति छान्ने । आयोजक संस्थाले मिडिया हाउसलाई सहभागी पठाउन अनुरोध गरेअनुरूप मिडिया हाउसले नै छानेर पठाउने अर्को प्रचलित तरिका हो । तेस्रो चाहिं, तालिम दिने संस्थाले पत्रकार महासङ्घका शाखा कार्यालयलाई अनुरोध गरेर सहभागी छान्ने । यी तीनै तरिकामा कुन तालिम कस्ता पत्रकारलाई दिने भन्ने अस्पष्टता निकै छ । पत्रकारिता तालिममा सहभागी छनोट गर्ने काममा प्रायः हचुवा शैली हाबी छ । आधारभूत पत्रकारिताको ज्ञान नभएकालाई फिचर लेखन वा अन्य एड्भान्स्ड तालिममा सहभागी गराइएको छ ।[२४] यस्तो गर्दा तालिमको प्रभावकारिता सीमित हुन पुग्छ ।

सहभागी छनोट पक्षपातपूर्ण हुने, आफ्नो निकटको मान्छे छान्ने र जसलाई तालिम चाहिने हो उसले नपाउने आरोप धेरै नै सुन्न पाइन्छ । कसले के विषयमा काम गरेको छ भन्ने पक्षलाई बेवास्ता गरी जो बढी चल्तापुर्जा छ, उसैलाई धेरैजसो संस्थाले बोलाउने गरेका छन् तालिममा । कतिपय तालिममा भत्तासमेत दिइने हुनाले पनि छनोटलाई प्रभावित बनाएको छ ।[२५] एनपीआईका क्षेत्रीय सञ्चार स्रोत केन्द्रहरूले पनि पहिला डानिडाको सहयोग हुने बेलामा सहभागीलाई भत्ता दिने गर्थे । भत्ता र खानाका लागि तालिम लिन जाने प्रवृत्ति बढ्दै गयो । यसले गर्दा कतिपय व्यक्तिले उही तालिम दोहोऱ्याएर पनि लिए ।[२६] पोखरास्थित बिग एफएमका स्टेसन म्यानेजर अमित रिजाल यसअघि आफूले काम गरेका रेडियोमा भोगेको अनुभव बताउँछन् :

---

[२३] पत्रकारिता प्रशिक्षणमा लामो समयदेखि सक्रिय वस्तीसँग २०६६ असोज २३ मा गरिएको कुराकानी ।

[२४] हेमन्त कर्माचार्यसँग २०६६ भदौ २१ र धर्मेन्द्र झासँग २०६६ असोज २८ मा गरिएको कुराकानी ।

[२५] माधव शर्मासँग २०६६ कात्तिक ८ मा गरिएको कुराकानी ।

[२६] हेमन्त कर्माचार्यसँग २०६६ भदौ २१ मा गरिएको कुराकानी ।

> तालिमका लागि धेरैजसो संस्थागत निम्तो आउँदो रहेछ । तर संस्थाको निर्णय पक्षपाती हुने गरेको पाएको छु । भत्ता पनि पाइने रहेछ भने आफैं जान खोज्छन् वरिष्ठहरू । आधारभूत तालिममा पनि कार्यक्रम निर्माता गएका उदाहरण छन् । तालिम पोखराबाहिर छ र आतेजातेका लागि जहाजको सुविधा छ भने त त्यस्तो धेरै हुन्छ । जुनियरलाई तालिममा पठाउँदा सिकेर आफूभन्दा जान्ने हुन्छ भन्ने कमजोर मानसिकताबाट पनि वरिष्ठहरू ग्रसित छन् ।[२७]

तालिमका लागि जहाज चढ्न पाइने अवसरमा स्टेसन म्यानेजर वा व्यवस्थापक जाने र बसबाट जाने भएमा मात्रै आफ्नो पालो आउने गुनासो बुटवलकी एक रेडियो पत्रकारले पनि गरेकी थिइन् ।[२८]

प्रशिक्षण दिने कतिपय संस्थाको चाहना पनि सकेसम्म संस्थाको वरिष्ठ मान्छे नै सहभागी हुन आओस् भन्ने हुन्छ र उनीहरूलाई नै बोलाइन्छ । जसले गर्दा पनि तालिममा वरिष्ठहरू पुगेका हुन्छन् । तर, केही संस्थाबाट भने सिकारु पत्रकार आउँछन् । वरिष्ठ र सिकारु पत्रकार उपस्थित भएपछि पनि तालिम प्रभावकारी हुन सक्दैन । प्रशिक्षकले कुन तहलाई लक्षित गर्ने भन्ने अन्योल हुन्छ । रेडियोको तालिममा पहिले सहभागी र अचेल प्रशिक्षकका रूपमा धेरै तालिममा उपस्थित अर्जुन उप्रेती आफ्नो अनुभव बाँड्दै भन्छन्, "प्रायः तालिममा स्टेसन म्यानेजर र प्रोग्राम इञ्चार्जलाई बोलाइएको हुन्छ र धेरैजसो तालिममा तिनैलाई देख्न पाइन्छ । कार्यक्रम नै उत्पादन नगर्ने स्टेसन म्यानेजर पनि कार्यक्रम उत्पादनसम्बन्धी तालिममा सहभागी भएको पाइन्छ ।"[२९]

सामुदायिक रेडियो सहयोग केन्द्र नेफेजले सामुदायिक रेडियोका सञ्चारकर्मीका लागि तालिम दिने गर्छ (हेर्नुहोस् तस्बिर ४.४) । यसले दिने तालिममा रेडियो स्टेसनबाट असम्बन्धित मान्छे सहभागीका रूपमा आउन थालेपछि छनोट प्रक्रियालाई कडा बनाइएको छ । केन्द्रका संयोजक रघु मैनालीका अनुसार तालिममा अनुपयुक्त व्यक्ति आएमा र उसले पटक्कै रुचि नदेखाएमा फिर्ता पठाइन्छ र रेडियो स्टेसनलाई आगामी दुईओटा तालिममा सहभागी नगराउने भनेर चेतावनी दिइन्छ । छनोट प्रक्रियामा सुधार गरिएको प्रस्ट्याउँदै मैनाली भन्छन् :

---

[२७] रिजालसँग २०६६ कात्तिक ५ मा गरिएको कुराकानी ।

[२८] उनीसँग २०६६ असोज १९ मा कुरा भएको थियो । नाम उल्लेख नगर्न आग्रहसहित उनले यस्तो बताएकी हुन् ।

[२९] इटहरी स्थित नयाँ संसारका अध्यक्ष उप्रेतीसँग २०६६ असोज २८ मा गरिएको कुराकानी ।

हामीले तालिम दिंदा रेडियो स्टेसनसँग सम्बन्धित विषयमा काम गरिरहेको मान्छेलाई सिफारिस गर्न अनुरोध गर्छौं । उनीहरूको सिफारिस पत्र तथा व्यक्तिको बायोडाटाका आधारमा हामीले आफूले दिन लागेको तालिम उसका लागि उपयोगी वा आवश्यक हो वा होइन भन्नेबारे मूल्याङ्कन गरेर छनोट गर्छौं । असम्बन्धित मान्छे पनि पठाउन थालेपछि दुईजनाको नाम पठाउनुपर्ने र त्यसबाट हामीले एकजना छान्ने चलन चलाएका छौं । पोखराको एउटा तालिममा सबै प्रक्रिया पूरा गरेर बोलाउँदा पनि रिपोर्टरलाई दिइने तालिममा रेडियोका अध्यक्ष आइपुगे । हामीले फर्काइदियौं, 'सरी' भनेर गए । एउटै खालको तालिममा कुनै व्यक्ति दोहोर्‍याएर आए पनि हामी फर्काइदिन्छौं ।[३०]




तस्बिर ४.४ : सारेसके, नेफेजद्वारा सामुदायिक रेडियोका पत्रकारहरूका लागि पोखरामा आयोजित तालिम (सौजन्य : प्रतीक भण्डारी) ।

इक्वेल एक्सेसले पनि रेडियोसम्बन्धी तालिम सञ्चालन गर्छ । तालिममा जो पायो उही आउने समस्या यसले पनि भोगेको छ । इक्वेल एक्सेसका एफएम नेटवर्किङ तथा ट्रेनिङ म्यानेजमेन्ट अफिसर विनायक अर्यालका अनुसार पहिलेपहिले तालिमका लागि यो विषयमा काम गरेको जो भए पनि पठाइदिनोस् भनी अनुरोध गरिन्थ्यो । तर, अचेल लैङ्गिक सन्तुलन मिलाएर संस्थामा कम्तीमा दुई वर्ष टिक्न सक्ने मान्छे पठाइदिन अनुरोध गरिन्छ ।

---

[३०] मैनालीसँग २०६६ असोज २० मा गरिएको कुराकानी ।

सहभागी छान्नमा स्थानीय पत्रकार महासङ्घ वा मिडिया हाउस संलग्न हुने गरेकोबारे चर्चा अघि नै गरियो। कसले के तालिम लिएको छ भन्ने रेकर्ड राख्ने चलन न मिडिया हाउसमा देखियो न पत्रकार महासङ्घले नै त्यस्तो प्रयास गरेको पाइयो। 'थोरै कर्मचारी भएकाले कसले के तालिम लिए भन्ने हामीलाई थाहा हुन्छ, रेकर्ड राख्न जरुरी छैन' भन्ने भनाइ धेरैजसो मिडिया हाउसको छ। महासङ्घका जिल्ला शाखाको पनि भनाइ यस्तै थियो। सहभागी छनोटमा संलग्न भएकाले यी दुई निकायले गरेका कामलाई निष्पक्ष बनाउनलाई रेकर्ड राख्ने चलनले सघाउनेछ। त्यसैले कसले के तालिम लिइसक्यो र के विषयमा उसले काम गरिरहेको छ भन्ने रेकर्ड राखी त्यसैका आधारमा सहभागी छनोट गर्न सके पक्षपात गरेको आरोप लाग्ने थिएन भने छनोट कार्य पनि सहज हुने थियो। केही झन्झटिलो भए पनि तालिममा सहभागीको छनोट प्रक्रियालाई सहज र प्रभावकारी बनाउनका लागि यो उत्तम उपाय हो।

के तालिम आवश्यक छ भन्ने खालको अध्ययन गरी त्यसको आधारमा तालिम दिइनुपर्ने हो तर व्यवहारमा यस्तो हुन सकेको छैन। यस्तो तालिम चाहिएला भन्ने अन्दाजमा तालिमको आयोजना हुन्छ। मैले कस्तो तालिम लिन आवश्यक छ भन्नेबारे पत्रकारको आफ्नो निर्णय महत्त्वपूर्ण हुनुपर्ने हो। तर, यस्तो निर्णयमा सहभागीको भूमिका गौण भएकोले तालिमको प्रभावकारितामा प्रश्न उब्जिएको छ। छनोटका लागि पत्रकारले आवेदन दिनुपर्ने भएमा सही छनोट हुन सक्थ्यो। खोज पत्रकारिता केन्द्र, सञ्चारिका समूह आदिले छनोटको यो तरिका अवलम्बन गरेका छन् (हेर्नुहोस् तस्बिर ४.५)।

खोज पत्रकारिता केन्द्रद्वारा सञ्चालित पत्रकारिता पाठशालामा इच्छुक सहभागीबाट आवेदन मागिएको थियो जसमा उनीहरूले पहिले गरेका कामको नमुना, शैक्षिक योग्यताका प्रमाणपत्रसमेत समावेश गर्नुपर्थ्यो। भाषा र लेखन क्षमता जाँच्नका लागि एउटा लेख पनि मागिएको थियो। पेस गरेका यी सामग्रीलाई छनोटको आधार बनाउनुका साथै महिला, दलित, जनजाति, दुर्गम क्षेत्र, राज्य र विद्रोहीको हिंसामा परेका आवेदकलाई सकारात्मक विभेद गरिएको थियो। पूर्णाङ्क १०० मानी यी सबैका लागि विभिन्न अङ्क छुट्ट्याइएको थियो (विस्तृत जानकारीका लागि मैनाली २०६४ हेर्नुहोस्)।

एनपीआईले धेरैजसो आधारभूत तालिममा प्रवेश परीक्षासमेत लिने गर्छ। अन्य तालिममा भने यस्तो परीक्षा लिइँदैन। एनपीआईले आधारभूत तालिमका लागि स्थानीय अखबारमा सूचना प्रकाशन गर्छ, जसमा आवश्यक मापदण्डसमेत उल्लेख गरेको हुन्छ। एक महिने, तीन महिने तालिमका लागि शैक्षिक योग्यता


खोज पत्रकारिता: तालिमको अवसर

खोज पत्रकारिता केन्द्र (खोपके) ले द युनियन अफ जर्नालिष्ट इन फिनल्याण्ड (www.ujf.fi) र भाइक्स फाउन्डेसन (www.vikes.fi) सँग मिलेर नेपाली पत्रकारहरूका निम्ति खोज पत्रकारिताको तालिम र कार्यशाला सञ्चालन गर्न लागेको छ । यो तालिम दुई चरणमा गरी जम्मा १० (दश) दिनको हुनेछ । पहिलो चरणको तालिम र कार्यशाला २०६७ साल असोज ५ गतेदेखि काठमाडौंमा सञ्चालन हुनेछ । उक्त तालिममा स्वदेशी तथा केही ख्यातीप्राप्त विदेशी प्रशिक्षकहरूले खोज पत्रकारिताका सैद्धान्तिक तथा व्यवहारिक पक्षमा प्रशिक्षण दिनेछन् ।

प्रमाणपत्र तह उत्तीर्ण गरी कम्तीमा चार बर्ष वा स्नातक उत्तीर्ण गरी कम्तीमा दुई बर्ष पत्रकारितामूलक सञ्चारमाध्यममा रिपोर्टिङ गरेका, खोज रिपोर्टिङको चुनौतीपूर्ण काम गर्ने जोस, जाँगर र योग्यता भएका, तालिम र कार्यशाला अवधिभर पूरै समय यसैमा खट्न सक्ने, पत्रकारहरूलाई तालिममा सहभागी हुनका लागि आवेदन आह्वान गरिएको छ । आवेदन १८ भदौ २०६७ भित्र खोपकेको कार्यालय वा इमेलमा प्राप्त भइसक्नु पर्नेछ । उपलब्ध सीट संख्या २० ।

तालिमसम्बन्धी थप विवरण खोपकेको वेभसाइट www.cijnepal.org मा उपलब्ध छ । त्यस्तो विवरण आवश्क भएमा mail@cijnepal.org मा मेल पठाइ प्राप्त गर्न सकिनेछ ।

खोज पत्रकारिता केन्द्र
जावलाखेल, ललितपुर, पोष्ट बक्स: २४८४४६
फोन:५५३१४३४, इमेल: mail@cijnepal.org.np
वेभ: www.cijnepal.org

तस्बिर ४.५ : खोपकेद्वारा आयोजना गरिने तालिममा सहभागी हुन आवेदन आह्वान गर्दै पत्रिकामा प्रकाशित विज्ञापन ।

एसएलसी पास हुनु पर्छ । प्रेस इन्स्टिच्युटको तालिममा बढीमा ३० जना मात्रै राख्ने गरिन्छ । काठमाडौंमा हुने १० महिने तालिमका लागि आइए वा प्लस टु उत्तीर्ण हुनुपर्छ । प्रशिक्षार्थीको औसत संख्या २२ हो । त्यसैले प्रवेश परीक्षा पास भएकालाई मात्र लिने गरिएको हो । एड्भान्स्ड र विषयगत तालिममा भने एनपीआईको पनि छनोट प्रक्रिया यस्तै भन्ने छैन । कहिले आफैंले छान्ने गर्छ भने कहिले नेपाल पत्रकार महासङ्घको सहयोग लिन्छ ।

## समावेशीकरण

नेपाली मिडियामा सामाजिक समावेशीकरण हुन सकेको छैन, यसमा पहाडी पुरुष ब्राह्मण/छेत्रीको आधिपत्य छ भन्ने तथ्य विभिन्न अध्ययनले देखाएका छन् (उप्रेती २०६४, पराजुली र गौतम २०५८, वन्त २०६४, लामा २०६४) । विभिन्न समुदायलाई पत्रकारिताका आधारभूत तालिममा समावेश गर्न सके उनीहरूलाई मिडियामा प्रवेशका लागि सहज हुन सक्थ्यो । यसै तथ्यलाई ध्यान दिई केही

संस्थाहरूले यस्तो प्रयास गरिरहेका पनि छन् । जागरण मिडिया सेन्टरले दलितलाई, अनिजले जनजातिलाई लक्षित गरी तालिमका गतिविधि सञ्चालन गर्दै आएका छन् । यस्तो प्रयास काठमाडौंबाहिर पनि सुरु भएको छ । बुटवलस्थित भिजन नेपालले मधेसी दलितलाई मात्रै तालिम दिएको थियो । नेपालगञ्जमा महिला सञ्चार समूहले महिलालाई आधारभूत पत्रकारिता तालिम र फिचर लेखन तालिम दिने गरेको छ । पुरुषले ज्यादै रुचि देखाएमा दुईतीन जनालाई मात्रै समेटिन्छ । मधेस मिडिया मिसनले मधेसीलाई तालिम दिने गरेको छ । एमएस नेपालको सहकार्यमा रेडियो लुम्बिनीले पिछडा वर्ग, दलित, घरेलु हिंसा पीडित महिला आदिलाई समावेश गरी तालिम दिन्छ ।[३१]

धेरैजसो तालिम सहरकेन्द्रित हुने भएकाले सहरबाहिरका व्यक्ति तालिमको अवसरबाट वञ्चित हुन पुग्छन् । *सुदूर सन्देश* दैनिक धनगढीका सम्पादक हेमन्त पौडेलका अनुसार मध्य र सुदूरपश्चिमाञ्चललाई लक्षित गरेर दिइने तालिम प्रायः नेपालगञ्जमा नै हुने हुनाले वरपरका अन्य जिल्लाका व्यक्तिहरूलाई अपायक पर्छ ।[३२] नेपालगञ्जकाले नै धेरै अवसर पाउँछन् । यस्तो प्रवृत्ति अन्यत्रका सहरमा पनि देखिन्छ । खास गरी एनपीआईका क्षेत्रीय सञ्चार स्रोत केन्द्र भएका स्थानमा तालिमका गतिविधि धेरै छन् र सोही स्थानका व्यक्तिले नै यी अवसरको उपयोग गर्छन् ।

एनपीआईमा महिला, दलित, जनजाति, मधेसी आदि समूह समावेश होऊन् भन्ने मनसाय भए पनि यसबारे नीति नै भने बनेको छैन । यद्यपि स्रोत उपलब्ध हुँदा समूहहरूलाई बेग्लै तालिम दिइएको पनि पाइन्छ । २०६६ सालमा जिल्ला विकास समितिको सहयोगमा एनपीआईको विराटनगरस्थित क्षेत्रीय सञ्चार स्रोत केन्द्रले दलित र जनजातिलाई बेग्लाबेग्लै एक महिनाको आधारभूत पत्रकारिता तालिम दिएको थियो । यस्तोमा प्रशिक्षार्थीमा भित्रैबाट तालिम लिऊँ भन्ने नभई सित्तैमा पाइएको छ लिइदिऊँ न त भन्ने भावनाले धेरै काम गरेको हुन्छ भन्ने लागेको छ प्रशिक्षक यज्ञ शर्मालाई ।[३३] यी तालिममा सहभागी त्यति उत्साही भएनन् । दलितका लागि भनेको तालिममा त अन्तिमसम्म पनि आवेदन चाहिने जति नपरेपछि विशेष पहल गरेर सहभागी जुटाउनु परेको थियो । यसरी जबर्जस्ती गर्दा राम्रो हुँदैन कि भन्ने शर्माको शङ्का हो ।

---

[३१] रेडियो लुम्बिनीको कार्यक्रम प्रस्तोता शारदा गैरेसँग २०६६ असोज १९ मा गरिएको कुराकानी ।

[३२] पौडेलसँग २०६६ असोज असोज १ मा गरिएको कुराकानी ।

[३३] यज्ञ शर्मासँग २०६६ असोज ३० मा गरिएको कुराकानी ।

नेपाली मिडिया समावेशी छैन । यद्यपि तालिम दिने संस्थाले आफ्नो तालिम समावेशी बनाउन खोजेको पाइन्छ । यो स्वागतयोग्य कदम हो । यस्ता संस्थाले एक वा दुई व्यक्ति बोलाउँदासमेत दलित, जनजाति, मधेसी, महिला मिलाएर पठाइदिनु भनी अनुरोध गर्छन् । पत्रकारितामा ती समुदायका व्यक्ति थोरै भएकाले उही व्यक्ति दोहोरिने गरेका छन् ।[३४] त्यस्तै दोहोरिने व्यक्तिमा धनगढीकी पत्रकार लोग्शरी कुँवर पनि पर्छिन् । आफूले तालिमको अवसर पाएको कारण खुलाउँदै कुँवर यसो भन्छिन् :

> मैले २०५९ सालमा सोसाइटी अफ इन्भाइरोमेन्टल जर्नलिस्ट्स (सेज) नेपालले दिएको एक हप्ते रेडियो पत्रकारिता तालिम लिएँ । निःशुल्क दिइएको त्यो तालिममा रेडियो उद्घोषण गर्ने, समाचार लेख्ने र वाचन गर्ने तरिका सिकाइएको थियो । यसको दुई-तीन महिनापछि कैलालीको लम्कीमा सेज नेपालले नै दिएको तीन दिने आधारभूत पत्रकारिता तालिममा सहभागी भएँ । पछि सेज नेपालले नै दिएको वातावरण पत्रकारितासम्बन्धी अन्य दुईओटा तालिम पनि लिएँ, एउटा नेपालगञ्जमा र अर्को धनगढीमै । सेज नेपालको तालिममा २० प्रतिशत महिला हुनुपर्ने नीति थियो र म कसरी पनि पर्थें किनभने त्यस बेला सुदूरपश्चिममै दुईजनामात्रै महिला पत्रकार क्रियाशील थियौं ।[३५]

एकै व्यक्तिले धेरै तालिम लिने गरेका उदाहरण अरू पनि छन् । रेडियो, आधारभूत पत्रकारिता, द्वन्द्व, शान्ति, घरेलु हिंसा, महिला, महिला बेचबिखन, बालबालिका, आचारसंहिता, फिचर लेखन, एचआइभी र एड्स, मानवअधिकार आदि गरी १७ ओटाभन्दा बढी तालिम लिइसकेका छन् बागेश्वरी एफएम (नेपालगञ्ज) की संवाददाता स्मृति गिरी र *विजयपुर* साप्ताहिक (धरान) की सम्पादक गङ्गा बरालले ।[३६] एनपीआईको क्षेत्रीय सञ्चार स्रोत केन्द्र भएका सहरमा तालिम दोहोर्‍याएर लिने धेरै छन् । आधारभूत तालिममा नै पिछडिएका समुदायको संख्या बढाउन सके मिडियामा तिनको उपस्थिति बढ्न सक्थ्यो र

---

[३४] नारायण कार्की, दीपेन्द्र श्रेष्ठ, राजेश विद्रोही, प्रदीप मेन्याङ्बो, विक्रम लुइँटेल, सीता मादेम्बासँगको कुराकानी । सीता मादेम्बा र प्रदीप मेन्याङ्बोका अनुसार धरानमा यसरी समावेशी बनाउने उद्देश्यमा परी बरोबर तालिममा सहभागी भइरहने व्यक्तिलाई ठट्टामा 'तालिमकुमार' र 'तालिमकुमारी' भन्ने गरिन्छ । यस्ता 'तालिमकुमार' र 'तालिमकुमारी' बनाउन रोकिनुपर्छ ।

[३५] धनगढीको *मर्निङ बेल* दैनिककी प्रकाशक तथा हाम्रो सेती साप्ताहिककी सम्पादक लोग्शरी कुँवरसँग २०६६ भदौ ३० मा गरिएको कुराकानी ।

[३६] गिरीसँग २०६६ भदौ २२ र बरालसँग २०६६ कात्तिक २५ मा गरिएको कुराकानी ।

नेपाली मिडिया पनि समावेशी हुन सक्थ्यो । तर, समावेशीकरणको नाममा एकै व्यक्तिले मात्रै अवसर पाउने यस्तो चलनमाथि पुनर्विचार गर्नु जरुरी छ ।

## प्रभावकारिता

तालिममा समाचारलाई सन्तुलित पार्ने र पुष्टि तथा पुनर्पुष्टि गर्ने निश्चित सीप सिकाइन्छ भन्ने पत्रकारको बुझाइ छ र यही बुझाइले पत्रकारलाई तालिम कक्षसम्म डोर्‍याएको हुन्छ । कामका सिलसिलामा परेका विभिन्न समस्यालाई सोध्न पाइने अवसर पनि तालिम हो । धरानस्थित *औजार* दैनिकका प्रधान सम्पादक भीम राई भन्छन्, "विभिन्न समयमा समाचार विवादमा परेका छन् । कहिलेकाहीं कतिपय सन्दर्भहरू मर्यादाविपरीत पनि पत्रिकामा छापिन्छन् । तसर्थ तालिम एकदमै जरुरी हो ।"[३७] नेपाल पत्रकार महासङ्घ सुनसरी शाखा पत्रकारिता तालिममा बढी नै सक्रिय देखिन्छ । प्रेसमाथि दुर्व्यवहार भएका, पत्रकारमाथि आक्रमण भएका कतिपय घटनामा पत्रकारकै लेखन त्रुटिपूर्ण भएका दृष्टान्त भेटिएकाले हामीले तालिम दिनुपर्ने आवश्यकता देखेका हौं भन्ने भनाइ शाखाका अध्यक्ष राजेश विद्रोहीको छ ।[३८] एउटा राम्रो तालिमले आफ्नो लेखाइ तथा बुझाइमा धेरै भिन्नता आएको कुरा धेरै पत्रकारले अध्ययनका क्रममा बताए । जे लेखे पनि फिचर हुन्छ भन्ने मान्यतालाई यससम्बन्धी तालिमले तोडेको अनुभव पोखराका पत्रकार रवीन्द्र बास्तोलाको छ । उनी भन्छन्, "बुटवलमा भएको फिचर लेखनसम्बन्धी तालिम लिएपछि फिचरमा के के अङ्ग पुर्‍याउनुपर्छ भन्ने थाहा भयो । २०५५ सालतिर *आदर्श समाज* दैनिकमा काम गर्दा समाचार थोरै हुन्थ्यो, राससको समाचारको सुविधा लिएका थिएनौं, पेज भर्न भए पनि दिनदिनै फिचर लेख्ने गर्थ्यौं । उक्त तालिमपछि फिचरका नाममा जे पायो त्यही लेख्न छोडियो ।"[३९] अङ्ग र ढङ्ग पुगेको फिचर लेख्न समय र मेहनत प्रशस्त चाहिने भएकाले फिचर लेखनका लागि समय दिन नसकिएको र पहिलेझैं जस्तो जे पायो त्यही लेख्नुभन्दा बरु फिचर लेख्नै छोडेको बास्तोलाको भनाइ छ । तालिमले के-के अङ्ग र ढङ्ग पुर्‍याएपछि फिचर बन्छ भन्ने कुरा प्रशिक्षार्थीलाई जानकारी गराएको छ । यति मात्रै हुनुलाई पनि फिचर लेखन तालिमको एउटा सफलता मान्न सकिन्छ ।

---

[३७] राईसँग २०६६ असोज २४ मा गरिएको कुराकानी ।

[३८] विद्रोहीसँग २०६६ असोज २४ मा गरिएको कुराकानी ।

[३९] बास्तोलासँग २०६६ कात्तिक ८ मा गरिएको कुराकानी ।

उही तालिमले सहभागीलाई उही सीप सिकाउँदैन । तालिमका कुरा व्यवहारमा कसरी लिइन्छ भन्ने तथ्य महत्त्वपूर्ण हुन्छ । केही पत्रकारले गल्ती गर्नु हुँदैन भन्ने सैद्धान्तिक र व्यावहारिक ज्ञान पाएर पनि गल्ती दोहोऱ्याइरहेका हुन्छन् । गल्ती गर्नु हुँदैन भन्ने कुरा अरूलाई अर्ती दिनका लागि मात्रै हुन्, आफूले व्यवहारमा ल्याउनु पर्दैन भन्ने कुरा पत्रकारमा व्यापक हुँदैछ (मैनाली २०६४) ।

नेपाली पत्रकारितामा अझै पनि कम पढेकाहरूको बाहुल्य छ । शरच्चन्द्र वस्तीका अनुसार कतिपय तालिममा २५ जनालाई सिकाउँदा आफूले भनेको कुरालाई समात्न सक्ने पाँचजना पनि हुँदैनन् ।[४०] स्नातकसम्म पनि पढेका पत्रकार भएमा यस्तो समस्या कम हुने थियो । नेपालमा भएका केही तालिममा विदेशी प्रशिक्षक पनि आउने गरेका छन् । तर, भाषागत समस्याले यस्ता तालिम कम प्रभावकारी हुन्छन् । नेपाली नै प्रशिक्षक भएका तालिममा पनि अध्ययन सामग्री अङ्ग्रेजीमा हुन्छन् । अङ्ग्रेजीमाथि कम पकड भएकाले पनि यस्ता तालिम पत्रकारका लागि असहज हुने गरेका छन् ।[४१]

प्रशिक्षार्थीहरू त्यति लगनशील र जेहेनदार हुँदैनन् भन्ने आरोप प्रशिक्षकहरूको छ । तालिममा दुई खालका सहभागी आउँछन् : आफैंले चाहेर र तालिम दिने संस्थाले चाहेर ।[४२] आफैंले चाहेर आउने सहभागी तालिममा बढी उत्साही र दत्तचित्त हुन्छन् । रेडियोको आधारभूत प्रशिक्षणमा आउने धेरैजसो प्रशिक्षार्थीहरू रेडियोमा बोल्नेबाहेक केही गर्नु पर्दैन भन्ने धारणा बोकेर आउँछन् । तर, रेडियोमा स्क्रिप्ट पनि आफैंले लेख्नुपर्छ भनेपछि तालिम छोड्नेहरू पनि छन् ।[४३] रहरले आधारभूत तालिम लिन हौसिएर आइहाल्छन् । ती सबै पत्रकारितामा लाग्ने होइनन् । अझ कुनै-कुनै तालिमबाट त एकैजना प्रशिक्षार्थी पनि पत्रकारितामा आएका हुँदैनन् ।

## निष्कर्ष

पत्रकारितासम्बन्धी सीप र ज्ञान विनिमयमा तालिमको महत्त्वपूर्ण योगदान छ । सिकारुका लागि आधारभूत तालिमले पत्रकारिताका लागि आवश्यक न्यूनतम्

---

[४०] वस्तीसँग २०६६ असोज २३ मा गरिएको कुराकानी ।

[४१] खोज पत्रकारिता केन्द्रको तालिम- पत्रकारिता पाठशालामा अङ्ग्रेजी पठन सामग्री अत्यधिक थियो । त्यो तालिममा सहभागी हुँदा छिचोल्न हम्मेहम्मे परेको धरानका पत्रकारद्वय सीता मादेम्बा र प्रदीप मेन्याङ्बोले बताए ।

[४२] विराटनगरका पत्रकारिता प्रशिक्षक यज्ञ शर्मासँग २०६६ असोज २६ मा गरिएको कुराकानी ।

[४३] विराटनगरस्थित बि एफएमका निर्देशक सन्देशदास श्रेष्ठसँग २०६६ असोज २७ मा गरिएको कुराकानी ।

ज्ञान दिएको छ भने क्रियाशील पत्रकारलाई एड्भान्स्ड एवं विषयगत तालिमले सीप तिखार्ने अवसर दिएको छ । यसप्रकार नेपालमा बढ्दै गएका सञ्चारमाध्यमलाई यी तालिमले जनशक्ति उपलब्ध गराएका छन् ।

सबै तालिम प्रशिक्षार्थीका लागि उत्तिकै उपयोगी हुन्छन् नै भन्ने छैन । त्यसो त एउटै तालिमका सहभागी सबैले उही तहको सीप र ज्ञान हासिल गर्छन् भन्ने पनि छैन । तालिमको प्रकृतिअनुसार प्रशिक्षार्थी कोही आफ्नै चाहनाअनुरूप सहभागी भएका हुन्छन् भने कोही निम्त्याइएका हुन्छन् । सशुल्क तालिममा प्रशिक्षार्थी आफ्नै रुचिमा जान्छन् । कतिपय संस्थाले गुणस्तरीय तालिम नदिइकनै चर्को शुल्क मात्रै असुल गरिरहेका छन् । मिडियामा काम गर्न पाइने लोभमा युवाहरू यस्ता तालिममा सहभागी भएका छन् र ठगिएका पनि छन् । निःशुल्क तालिममा भने सकेसम्म क्रियाशील पत्रकारलाई निम्त्याइन्छ । यसरी निम्त्याइएका सहभागीलाई उक्त तालिममा रुचि नहुन पनि सक्छ । तालिममा सहभागी छनोट गर्दा प्रशिक्षार्थीलाई उक्त तालिमले आकर्षण गर्छ कि गर्दैन भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । तसर्थ छनोटका लागि केही मापदण्ड बनाउनु उत्तम हुन्छ । निःशुल्क तालिमकै लागि सहभागी छान्दा पनि खोज पत्रकारिता केन्द्र र सञ्चारिका समूहले झैं मापदण्ड बनाएमा सही मान्छेले अवसरको उपयोग गर्न सक्छन् । नेपाल पत्रकार महासङ्घका जिल्ला शाखा र सम्बन्धित सञ्चार गृह पनि सहभागी छनोट कार्यमा संलग्न हुने गरेका छन् । कसले कस्तो तालिम लिएका छन् भन्ने रेकर्ड सम्बन्धित मिडिया हाउस र नेपाल पत्रकार महासङ्घले राख्न सक्ने हो भने छनोट प्रक्रिया सहज र विवादरहित हुन सक्छ ।

प्रशिक्षार्थीको शैक्षिक योग्यता, अङ्ग्रेजी भाषामाथिको पकड, उसको लगनशीलताजस्ता पक्षमा पनि तालिमको प्रभावकारिता निर्भर रहन्छ । मिडिया इतरका क्षेत्रमा क्रियाशील केही गैरसरकारी संस्थाले आफूले काम गरिरहेका विषयलाई पत्रकारितासँग जोडेर तालिम दिने गरेका छन् । यस्ता संस्थाको मुख्य काम तालिम दिने नभएकाले तालिमका गतिविधिले प्राथमिकता पाउँदैनन् ।